# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

प.स. ०७९/०८०
च.नं.

मितिः २०७९/१२/१९

विषयः- सूचना संसोधन सम्बन्धमा ।

श्री सरोकारवाला सबै,

प्रस्तुत् विषयमा यस न.पा. कार्यालयद्धारा मिति २०७९/१२/१४ गते प्रकाशित आकश्मिक स्वास्थ्य सेवाका लागि औजार तथा उपकरण खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना (०२/स्वास्थ्य/२०७९/०८०) मा आकश्मिक स्वास्थ्य सेवाका लागि औजार तथा उपकरण खरिदका लागि स्वीकृत रकम रु.१६,०९,२९०।- (अक्षरेपी सोह्र लाख नौ हजार दुई सय नब्बे मात्र) उल्लेख हुनु पर्ने भएकोमा अन्यथा भएको हुँदा संसोधन गरिएको साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर रु.१,०००।- (अक्षरेपी एक हजार रुपैया मात्र) कायम गरिएको व्यहोरा समेत अनुरोध छ ।

रचिन्द्र डंगोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

# आकस्मिक स्वास्थ्य सेवाका लागि औजार तथा उपकरणहरुको खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१४**
**प्रथम पटक संसोधित मिति २०७९/१२/१९**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७९।०८० का लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शिलबन्दी दरभाउपत्रको माध्यमबाट आकस्मिक स्वास्थ्य सेवाका लागि औजार तथा उपकरणहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

शर्तहरु

१ दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु. १,०००।००(अक्षेरेपी रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सूचिमा नहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था, कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात (BID DOCUMENT ) खरिद गर्न सकिनेछ।

२ खरिद भएको शिलबन्दी दरभाउपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा शिलवन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औँ दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ। दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० वजे उपस्थित शिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोवहरमा यस कार्यालयमा खोलिनेछ। शिलबन्दी दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३ दरभाउ धरौटी वापतको रकम यस नगरपालिका कार्यालयको माछापुच्छ्रे वैक लिमिटेड ढल्केवर शाखामा रहेको धरौटी खाता नं. ११५००७९५८७१०००४१ मा नगद जम्मा गरी सोको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ वा सोही रकम बराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारि गरिएको एक सय बीस दिन सम्म म्याद भएको बैंक ग्यारेन्टी (विड बन्ड) सिलबन्दी दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ।

४ दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ। समय भित्र प्राप्त नभएको, रित पुरा नभएको, सूचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथि कारवही हुने छैन।

५ शिलबन्दी दरभाउपत्र फाराम भर्दा स्पष्ट रुपमा भर्नुपर्ने छ। आईटम वाइज दर अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

६ यस सूचनामा नसमेटिएको अन्य विषयको हकमा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावाली, २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

७ एक फर्म, पसल, संस्था, कम्पनी वा निर्माण व्यवसायीको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र फारम अर्को फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाईने छैन ।

८ शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

९ नेपाल सरकारबाट स्वीकृति प्राप्त सर्जिकल सामाग्रीहरु हुनुपर्नेछ र उत्पादक कम्पनीमा नाम अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

१० स्विकृत दरभाउपत्रदाताले सर्जिकल सामाग्रीमा अङ्कित मूल्यभन्दा बढी दर राखि पेश गर्न पाइने छैन ।

११ शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधी भित्र सर्जिकल सामाग्रीहरु बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पूर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम कारबाही हुनेछ ।

१२ दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेखल गरे बमोजिम हुनेछ ।

१३ शिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।

१४ यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१५ कुनै कारण नजनाई आशिंक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१६ प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा (www.mithilamun.gov.np) मार्फत जानकारी गराईनेछ ।

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | स्वीकृत रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/स्वास्थ्य/२०७९/०८० | आकश्मिक स्वास्थ्य सेवाका लागि औजार तथा उपकरण खरिद | १६,०९,२९०।- | २.५% ले हुन आउने रकम | |

प्रमुख प्रशासकीय अधिकृत

२०७९।१२।१३

प्रमुख प्रशासकीय अधिकृत